नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्या:-
चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

मितिः २०८२/११/११
ने.सं. ११४६ चिल्लाथ्व ६, सोमवार

**राष्ट्रिय सहकारी बैंक र वित्तीय कारोबार गर्दै आएका विभिन्न तहका सहकारी संघहरु राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण हुने सम्बन्धी सूचना।**

राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋणको मुख्य कारोबार गरिरहेका विभिन्न तहका सहकारी संघहरु (केन्द्र, प्रदेश, जिल्ला) लाई सहकारी ऐन, २०७४ को दफा २०क. (२) बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा यो सूचना प्रकाशन भएको मितिदेखी २०८२ चैत्र १७ गतेभित्र दर्ता अभिलेखीकरण हुने प्रयोजनका लागि देहायबमोजिमका सम्बन्धित संघ/संस्थाबाटै स्वःप्रमाणित कागजपत्रका प्रतिलिपि तथा विवरण सहित प्राधिकरणमा भौतिक रुपमा निवेदन पेश गर्नुहुन प्राधिकरणको मिति २०८२/११/०९ गतेको बैठकको निर्णयानुसार यसै सूचना मार्फत अनुरोध गरिन्छ।

**तपसिलः**

१) सहकारी ऐन, २०७४ को दफा २०क. (२) बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखिकरण हुन संघ/संस्थाको अनुरोधपत्र वा निवेदन।
२) दर्ता अभिलेखिकरण हुने सम्बन्धमा संस्था/संघको सञ्चालक समितिको निर्णय।
३) संघ/संस्थाको साविक दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र।
४) आर्थिक वर्ष २०८१/८२ को करचूक्ता प्रमाणपत्र।
५) आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन।
६) वि.सं २०८१ र २०८२ को वार्षिक साधारण सभाको उपस्थिती सहितको निर्णय प्रतिलिपि।
७) संघ/संस्थाको विनियम (सबै संशोधन सहित)।
८) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सबै पदाधिकारी तथा सदस्य र कार्यकारी प्रमुखको विवरण (नामथर, पद, ठेगाना, सम्पर्क नं., तिनपुस्ते, व्यक्तिगत स्थायी लेखा नं., नागरिकता नं. र राष्ट्रिय परिचयपत्र नं.,)
९) दर्ता अभिलेखीकरणका लागि दस्तुर रु.५०००।– प्राधिकरणको निम्नानुसारको बैंकखातामा जम्मा गरेको भौचरको सक्कलप्रति ।

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक (पुल्चोक शाखा, ललितपुर)
खाताको नामः KA-2.10.2: Rastriya Sahakari Niyaman Pradhikaran Amdani Khata
खाता नंः ११४०१००१०२१००२०१

(केशवराज भट्टराई) २०८२/११/११
निर्देशक

पुल्चोक, ललितपुर, नेपाल । फोन नं. ०१-५०१०१३१, ५०१०२३७ । वेवसाईट : www.ncra.gov.np । ईमेल : admin@ncra.gov.np